अनूसुची-२

(दफा ४ तथा अनूसुची-१ को भाग १ संग सम्बन्धित)

# विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

| खण्ड:०६ | संख्या: ०२ | मिति २०८०।०४।२८ |
|---|---|---|

## भाग-१

# विराटनगर महानगरपालिकाको
# कर तथा गैरकर राजश्व सम्बन्धि ऐन, २०७८

## (पहिलो संशोधन, २०८०)

# विराटनगर महानगरपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धि ऐन, २०७८ (पहिलो संशोधन, २०८०)

**प्रस्तावना** : नेपालको संविधानबाट महानगरपालिकालाई प्राप्त राजस्व अधिकारलाइ पारदर्शी, न्यायोचित र वैज्ञानिक तवरले व्यवस्थित गर्दै थप प्रभावकारी रुपमा कार्यान्वयन गरि नगरवासीलाई दिने सेवा प्रवाह र विकास निर्माण गर्न सक्ने क्षमतामा सुधार ल्याउन बाञ्छनिय भएकाले नेपालको संविधान अनुसुची ८ मा भएको स्थानीय तहको एकल अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि नेपालको संविधानको धारा २२८ को उपधारा २ वमोजिम विराटनगर महानगरपालिकाले राजस्व लगाउने तथा उठाउनका लागि यो ऐन जारी गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कानूनको नाम "**विराटनगर महानगरपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन २०७८**" रहेको छ ।

(२) यो ऐन विराटनगर महानगरपालिका भर लागू हुनेछ र यस कानून बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहासुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो कानून तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) "कम्पनी" भन्नाले नेपालको प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनुपर्छ र सो शब्दले नेपालको प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थालाई जनाउछ ।

ख) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनुपर्दछ ।

ग) "कर अधिकृत" भन्नाले प्रमुख प्रशासकिय अधिकृतले तोकेको विराटनगर महानगरपालिकाको राजस्व महाशाखा तथा शाखाको अधिकृतस्तरको कर्मचारीलाई कर अधिकृत सम्झनु पर्दछ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउछ ।

घ) "कर ईकाई" भन्नाले विराटनगर महानगरपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने विराटनगर महानगरपालिकाको महाशाखा, शाखाको संरचना सम्झनु पर्छ ।

ङ) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया सुरु गरेको व्यक्तिलाई समेत जनाउँदछ ।

च) "कर निर्धारण" भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउदछ ।

छ) "गैरकर राजश्व" भन्नाले परिच्छेद १४ बमोजिम लाग्ने वा लागेको गैरकर राजश्व सम्झनु पर्दछ ।

ज) "परिवार"भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिक सन्तान सम्झनु पर्दछ ।

झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले विराटनगर महानगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्दछ ।

ञ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको संस्थालाई सम्झनु पर्दछ ।

ट) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएका जुनसुकै व्यक्ति सम्झनु पर्दछ ।

ठ) "सभा" भन्नाले विराटनगर महानगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

ड) "स्थानीय सरकार" भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने विराटनगर महानगरपालिकालाई सम्झनु पर्दछ ।

ढ) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दर्छ ।

ण) "महानगरपालिका" भन्नाले विराटनगर महानगरपालिकालाई सम्झनु पर्दछ।

त) "आर्थिक ऐन" भन्नाले विराटनगर महानगरपालिकाको सभाबाट स्वीकृत ऐनलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## राजश्व सम्बन्धी सामान्य सिद्धान्त

**३. कर तथा गैरकर राजश्व सम्बन्धी सामान्य सिद्धान्त :**(१) कर राजश्व लगाउँदा तथा उठाउदा देहायका सिद्धान्तलाई आधार मानिनेछ ।

क) कर तिर्न सक्ने क्षमताका आधारमा ।
ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।
ग) सरल, पारदर्शी र मितव्ययी हुने गरी ।
घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।
□) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।
च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरेर ।

(२) गैरकर राजश्व लगाउदा र उठाउदा उपलब्धगराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र संम्भार खर्चलाई आधार मानी लगाइने र सङ्कलन गरिनेछ ।

## परिच्छेद ३
## कर प्रशासन सम्बन्धी व्यवस्था

**४. कर प्रशासन:** १) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन महानगरपालिकाले संचालन गर्नेछ ।

२. उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार महाशाखा वा शाखा रहन सक्नेछन ।

**५. कर्मचारी सम्बन्धी व्यवस्था:** १) महानगरपालिकाबाट स्वीकृत दरवन्दी अनुसार बिभिन्न तहका कर्मचारी वित्तिय व्यवस्थापन महाशाखा तथा शाखामा रहन सक्नेछन् ।

२) वित्तिय व्यवस्थापन महाशाखा तथा शाखामा महानगरपालिकाले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

**६. कर अधिकृतको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) करदाता दर्ता गर्ने गराउने ।
ख) करदाताबाट विवरण प्राप्त गर्ने गराउने ।
ग) कर परीक्षण तथा अध्ययन, अनुसन्धान गर्ने ।
घ) कर संकलनका लागि करदाता शिक्षा,घरदैलो अभियान सञ्चालन गर्ने ।
□) कर तथा गैर कर राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।
च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।
छ) कर संकलनका लागि वडामा खटिएका कर्मचारीहरुका लागि क्षमता विकास तालिम व्यवस्थापन गर्ने ।
ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने बिषय महानगरपालिकालाई सुझाव दिने ।
झ) राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।
ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने ।
ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।
ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

**७. अधिकार प्रत्यायोजन:** १) विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस ऐन बमोजिम आफुमा रहेको कर तथा राजश्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२) कर अधिकृतले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफु मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३) कर अधिकृतले आफुलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा महानगरपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

**८. प्रत्यायोजित अधिकार र जिम्मेवारी:** १) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकारको प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

२. दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति पुर्णरुपमा उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद ४
## कर राजश्व सम्बन्धी व्यवस्था

९. **सम्पत्ति कर:** १. महानगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको र सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गामा महानगरको आर्थिक ऐनमा तोकिए बमोजिमका दरले सम्पत्ति कर लगाउने र सङ्कलन गर्नेछ ।

२. उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका बाकी जग्गा भएमा दफा १२ बमोजिम भूमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ ।

३. महानगरपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक बर्ष दुरुस्त विवरण तयार गरिराख्नु पर्नेछ ।

४. कर निर्धारणका लागि सम्पत्ति मूल्यांकन देहाय बमोजिम गरिनेछ :

क) घरको बनौट (पक्कि वा कच्चि) ।

ख) घरजग्गास□ सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, ग्राभेल,कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकस□को दुरी ।

ग. घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

घ) सम्पत्ति मूल्यांकन गर्दा अनुसुची १ बमोजिम ह्रासकट्टी गरी खूद सम्पत्ति कायम गरिनेछ ।

५. उपदफा (४) बमोजिम सम्पत्ति मूल्याङ्कन गर्न देहायको सम्पत्ति मूल्याङ्कन निर्देशक समिति गठन गर्न सक्नेछ*:

| | | |
|---|---|---|
| १. | प्रमूख/उपप्रमूख : | संयोजक |
| २. | प्रतिनिधी, मालपोत कार्यालय वा कार्यपालिकाको सम्बन्धित शाखा: | सदस्य |
| ३. | प्रमूख प्रशासकीय अधिकृत: | सदस्य |
| ४. | योजना शाखा प्रमूख : | सदस्य |
| ५. | राजश्व शाखा प्रमूख : | सदस्य सचिव |

६. सम्पत्ति मूल्याङ्कन निर्देशक समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्न सक्नेछ ।

७. सम्पत्ति मूल्याङ्कन निर्देशक समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८. सम्पत्ति मूल्याङ्कन निर्देशक समितिले प्रत्येक तिन वर्षमा घर जग्गा मूल्याङ्कनका आधारमा सिफारिस गरिएका दररेटहरुमा आवश्यक निर्णय गर्नेछ ।

९. सम्पत्ति मूल्याङ्कन निर्देशक समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

१०. समितिको बैठक भत्ता महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

११. सम्पत्ति कर व्यवस्थापन कार्यका लागि सम्पत्ति मूल्यांकन निर्देशक समितिले कार्यविधि बनाई सम्पत्ति मूल्यांकन समिति गठन गर्नेछ ।

१२. सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ:

क.आर्थिक बर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोहीअनुसार र अन्यथा सबैको बराबर हक ।

१३. करदाताले प्रत्येक बर्ष आफ्नो सम्पत्तिको यथार्थ विवरण आर्थिक बर्ष सुरु हुनु अगावै महानगरपालिकामा पेश गर्नु पर्नेछ। पेश गरिएको विवरण झुटो ठहरिएमा ठहरिएको विवरणको १० (दश) प्रतिशत थप जरिवाना गरिनेछ ।*

१४. यस दफा बमोजिम दाखिला गनुपर्ने कर प्रत्येक आर्थिक बर्षको आश्विन मसान्त भित्र बुझाउने करदातालाई महानगरपालिकाको आर्थिक ऐन अनुसार प्राप्त हुने छुट तथा मिनाहाको सुविधा उपलब्ध हुनेछ ।

१५. नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखीला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

१६. सम्पत्तिकरलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

---

**पहिलो संशोधन, २०८०*

**पहिलो संशोधन, २०८०*

१७. दण्ड तथा जरिवाना: महानगरपालिकाले पटक पटक सुचना प्रकाशन गरि नियमानुसार सम्पत्तिकर बुझाउन जानकारी गराउँदा समेत सम्पत्तिकर तिर्न अटेर गर्ने करदातालाई सुचीत गर्ने उद्धेश्यले थप एक (१) पटक पुन: जानकारी गराईने छ, सो पश्चात समेत नियमानुसार सम्पत्तिकर नबुझाउने करदातासँग सरकारी बाँकी सरह प्रचलित कानुन बमोजिम सम्पत्ति कर असूल उपर गरिनेछ। सो समेत अटेर गरेमा बैंक खाता रोक्काका लागि प्रत्राचार गरिने तथा महानगरपालिकाबाट उपलब्ध गराउने सम्पुर्ण सेवाबाट बञ्चित समेत गरिनेछ ।*

**१०. घर बहाल कर :** १) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र बहालमा लगाएको घरको आकार, प्रकार, बनोट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा घर बहाल आय रकमको १० (दश) प्रतिशतका दरले घर बहाल कर लगाई असुल उपर गर्नेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचनालाई सम्झनु पर्छ ।

२. घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनि वा संस्था घर बहाल करको करदाता हुनेछ ।

३. घर बहालमा दिने प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले ३५ (पैंतिस) दिनभित्र महानगरपालिकामा पेश गर्नुपर्नेछ ।

४. उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम करकट्टी गरी घरधनीका तर्फबाट महानगरपालिकामा घर बहाल कर बुझाउनु पर्नेछ ।

५. उपदफा (४) बमोजिम अग्रीम करकट्टी गरी दाखिला गर्नुपर्ने घर बहाल कर करकट्टी भएको महिना पछिको महिनाको २५(पच्चीस) गते भित्र दाखिला गर्नु पर्नेछ ।

६. घर बहालको प्रयोजनको लागि महानगरपालिकाले महानगरको आर्थिक ऐनमा मासिक घर बहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

७. न्युनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था महानगरको आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

८. घर बहालमा दिने घरधनीले घर बहाल करको विवरण प्रत्येक आर्थिक बर्षको आश्विन मसान्त भित्र पेश गर्नु पर्नेछ ।

९.घर बाहाल सम्झौता बिना संचालन भएका व्यवसाय तथा आवासीय प्रयोजनले बहालमा लिए/दिएका कोठाहरुको बहालकर महानगरपालिकाको आर्थिक ऐनमा तोकिएको न्युनतम बहालकर बमोजिम हुनेछ।*

१०. नक्सापास नगरि बहालमा लगाएका घर, गोदाम, टहरा, छप्पर (सेड), कारखानाहरुमा समेत बहालकर लगाइनेछ ।

११. बहालकर लाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

१२. दण्ड तथा जरिवाना: चालु आ.ब. को बहालकरको रकम सोही आ.ब. भित्र बुझाइसक्नु पर्नेछ। अन्यथा विराटनगर महानगरपालिकाको "आर्थिक ऐन" बमोजिम दण्ड जरिवाना गरिनेछ ।*

**११. सवारी साधन कर:** (१)महानगरपालिकाले सवारी साधन कर लगाउन सक्नेछ। प्रदेश सवारी तथा यातायात ऐनर नियमावलीले दिएको अधिकार प्रयोग गरि महानगरपालिकाले जारी गर्ने यातायात व्यवस्थापन कार्यविधी बमोजिम सवारी कर लगाउनेछ।सवारी करको दर महानगरको आर्थिक ऐनतथा महानगरपालिकाबाट जारी भएको यातायात व्यवस्थापन कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले ब्याट्रीबाट सडकमा चल्ने तीनपांग्रे ई-रिक्सा तथा म्यानुअल रिक्सालाई सवारी साधन सम्झनु पर्दछ।

---

** पहिलो संशोधन, २०८०*

** पहिलो संशोधन, २०८०*

२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमासमान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइने छ।

३) प्रत्येक वर्षको आश्विन मसान्तमा सवारी साधन धनिले यस दफा बमोजिमको कर दाखिला गर्नुपर्नेछ । अन्यथा महानगरको आर्थिक ऐनमा उल्लेख भए वमोजिमको अतिरिक्त जरिवाना लाग्नेछ ।

४) दण्ड तथा जरिवाना: यस ऐन बमोजिमका सवारी साधनहरुको नवीकरण आ.ब. को असार मसान्तभित्र गरिसक्नु पर्नेछ । अन्यथा महानगरपालिकाको "आर्थिक ऐन" बमोजिम दण्ड जरिवाना गरिनेछ ।*

**१२. भूमिकर (मालपोत)**: (१) महानगरपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ।

२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ।

३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

४) प्राकृतिक प्रकोपको वा अन्य गम्भीर परिस्थितिमा नगर कार्यपालिकाले आधार र कारण स्पष्ट पारि त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ।

५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले १५ (पन्ध्र) दिनभित्र त्यसको सूचना नगरसभाको बैठक चलेको भए नगरसभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो वैठकले अनुमोदन गर्नु पर्नेछ ।

६) महानगरपालिकाले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैंले असुल गर्नेछ ।

७) भूमिकर (मालपोत) प्रत्येक वर्ष आश्विन महिनाभित्र महानगरपालिकाको राजस्व शाखामा वा सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्नेछ।सो समयावधिमा नबुझाएमा महानगरपालिकाको आर्थिक ऐन अनुसार थप शुल्क लाग्नेछ ।

८) महानगरपालिकाले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार रकारण खोली महानगरपालिका क्षेत्रभित्र वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्यादबढाउन सक्नेछ। सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्नेछैन ।

**१३. मनोरञ्जन कर**: (१) महानगरपालिकाले चलचित्र घर, भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्तामनोरञ्जनस्थलमा शुल्क लिई देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाई उठाउन सक्नेछ।

२) उपदफा (१) बमोजिमको अन्तरसरकार वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम मनोरञ्जन करको दर प्रदेश सरकारले तोकी महानगरपालिकाले असूल गर्नेछ। सो वापत प्राप्त रकम मध्ये महानगरपालिकाले चालीस प्रतिशत प्रदेश सरकारमा दाखिला गर्नेछ ।

**१४. विज्ञापन कर**: (१) महानगरपालिकाले सूचनापाटिमा (होर्डिंग बोर्ड डिजिटल) विज्ञापन कर लगाई असूल गर्न सक्नेछ ।

२) महानगरपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर शुल्क अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम महानगरपालिकाले असूल गरि सो वापत प्राप्त रकम मध्ये चालीस प्रतिशत प्रदेश सरकारको संचित कोषमा दाखिला गर्नेछ ।

३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असूल गरिनेछ।

४) यस ऐन बमोजिम असूल गरेको विज्ञापनकरको रकम असूल गरेको महिना भन्दा पछिको २५ गतेभित्र प्रदेश सरकारमा बुझाउनु पर्नेछ ।तथापीमहानगरपालिकाले ठेक्का वन्दोवस्त गरेका ठेकदार, फर्म, संस्था वा व्यक्तिबाट महानगरपालिकामा रकम दाखिला गरेको एक महिना भित्रमाप्रदेश संचित कोषमा रकम दाखिला गरिनेछ ।

५) यस दफा बमोजिमको विज्ञापन सामाग्री राख्न महानगरपालिकाको अनुमति लिनु पर्नेछ ।

६) उपदफा (५) बमोजिमको अनुमति पत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नविकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क सौन्दर्य बिगार्न नहुने विषय, सामाग्रीको भाषिक शुद्धता र

---

**पहिलो संशोधन, २०८०*

शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ।स्विकृति नलिई राखिएका विज्ञापन महानगरपालिकाले सुचना दिई हटाउन सक्नेछ । सो हटाए वापत लाग्ने खर्च विज्ञापन एजेन्सी, कम्पनि, विज्ञापन राख्न अनुमति दिने घरधनि सँग असुल गरिनेछ ।सो वापत कुनै क्षतिपुर्ति महानगरपालिकाबाट हुनेछैन ।

७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापाटि (होर्डिंग बोर्ड)राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असूल गरी राजश्व शाखा वा महानगरपालिकाले ठेक्का बन्दोबस्त गरेको अवस्थामा ठेक्का कवोल गर्ने संस्थामा दाखिला गर्नुपर्नेछ।

८) संघीय सरकार, प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि समेत) मा विज्ञापन सामाग्री राखेमा कर उठाउनु अघि राजस्व शाखाले सो निकायसँग समन्वय गरि कर असूल गर्नुपर्नेछ ।

९) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुने छैन।

१०) संघीय सरकार, प्रदेश सरकार र महानगरपालिकाबाट भएको विज्ञापनर धार्मिक, सांस्कृतिक तथा सचेतनामुलक विज्ञापनमा कर लाग्ने छैन ।

**१५. व्यवसाय करः** (१) महानगरपालिकाले आफ्नो क्षेत्र भित्र उधोग, कलकारखाना, व्यापार, व्यवसाय वा सेवामा पूर्जीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्ता र नवीकरणमा वार्षिक व्यवसाय कर लगाउने र असूल गर्नेछ।

२) एकै व्यक्तिले आफ्नो नाममा एक वा सो भन्दा बढी स्थानमा एकै प्रकृतीको व्यवसायका एक भन्दा बढी शाखा सञ्चालन गरेमा प्रत्येक शाखा नयाँ सरह दर्ता गरि सञ्चालन अनुमतिका लागि व्यवसाय इजाजत प्रमाणपत्र लिनु पर्नेछ ।*

३) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदनसाथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले साठी (६०) दिनभित्र महानगरपालिकाको राजस्व शाखा वा वडा कार्यालयमा जानकारी दिनुपर्नेछ।

४) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानबिन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न ३० (तीस) दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ।

५) एकपटक व्यवसाय दर्ता भए पछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असूल गरिनेछ।

६) कुनै करदाताले नियमानुसार लाग्ने सम्पुर्ण कर बुझाइ व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ।

७) महानगरपालिकाबाट इजाजत नलिई निर्माण गरिएका भौतिक संरचनामा व्यवसाय सञ्चालन गर्नुपरेमा सम्पति कर, बहाल कर तथा व्यवसाय कर लाग्नेछ, भौतिक सम्पतिको मुल्यांकन महानगरपालिकाले गरेबमोजिम हुनेछ।

८) व्यवसाय करलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

९) दण्ड जरिवाना: क) प्रत्येक करदाताले नियमानुसार लाग्ने व्यवसाय कर अर्को आ.व.को आश्वीन मसान्तसम्ममा सम्बन्धित वडा कार्यालयमा बुझाइसक्नु पर्नेछ।अन्यथा महानगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।♣

ख) महानगरपालिकाले पटक पटक सुचना प्रकाशन गरि नियमानुसार व्यवसाय दर्ता तथा नविकरण गर्न जानकारी गराउँदा समेत व्यवसाय दर्ता तथा नविकरण गर्न अटेर गर्ने व्यवसाय दर्ता तथा नविकरण नगर्ने नगराउने/करदाताहरुसंग सरकारी बाँकी सरह प्रचलित कानुन बमोजिम असुलउपर गरिनेछ। सो समेतको वेवास्ता गरेमा बैंक खाता रोक्काका लागि प्रत्राचार गरिने तथा महानगरका सम्पुर्ण सेवा सुविधाबाट बञ्चित गरि व्यवसाय वन्द समेत गरिनेछ समेत गरिनेछ।वन्द गर्दा व्यवसायीलाई भएको कुनै पनि क्षतिपुर्ति महानगरपालिकाबाट व्यहोरिने छैन । *

---

** पहिलो संशोधन, २०८०*

*♣ पहिलो संशोधन, २०८०*

## परिच्छेद ५

## करदाता दर्ता सम्बन्धी व्यवस्थाः

**१६. करदाताको पहिचान दर्ता :** (१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

२) महानगरपालिकाको राजस्व शाखाले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति,निजले गरेको कारोबार र महानगरपालिकाको राजस्व शाखालाई कुनै स्रोतबाट प्राप्त सूचना अनुसारराजस्व शाखालेछानविन गर्दा देखिएकाआधारमा करदाताको पहिचान गरिनेछ।

४) महानगरपालिकाको राजस्व शाखाले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदातादर्ता गरी राख्नु पर्नेछ।

५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्वन्धी कारोबार गर्दा सोहिनम्बरको प्रयोग गर्नु पर्नेछ।

**१७ करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

क) आफूलाई करदाताको रुपमा दर्ता गराउने।

ख) निर्धारित समयमा विवरण पेश गर्ने।

ग) निर्धारित समयमा कर दाखिला गर्ने।

घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने।

ङ) हिसाव किताब र अभिलेख दुरुस्त राख्ने।

च) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने।

छ) कर एकाईलाई आवश्यक सहयोग गर्ने।

**१८. करदाताको अधिकार** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

क) सम्मानपूर्वक व्यवहारको अधिकार ।

ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार।

ग) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार।

२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ।

**१९. करदाताको प्रतिनिधित्वः** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य,माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमाअख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले १८ (अठार) वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्नेछ।

२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका कारवाही करदाता स्वयंलेगरेको मानिनेछ।

## परिच्छेद ६

## विवरण दाखिला सम्बन्धी व्यवस्थाः

**२०. विवरण दाखिला गर्न आदेश दिन सक्ने :**(१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिनेआधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ।त्यस्तो आदेश प्राप्त भएमा सम्वन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र राजस्व शाखामा विवरण दाखिला गर्नु पर्नेछ।

**२१. विवरण सच्याउन सकिने :** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भइसकेपछि कुनै तथ्यसम्बन्धी वा गणितिय भुल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले एक (१)महिना भित्र यथार्थ तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

## परिच्छेद ७

## कर दाखिला सम्वन्धी व्यवस्थाः

**२२. कर दाखिला गर्नुपर्ने :** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेखगरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र महानगरपालिकाको राजस्व शाखा वा वडा कार्यालयमा दाखिला गर्नुपर्नेछ। अन्यथा आर्थिक ऐनमा उल्लेख भएबमोजिम थप जरिवाना लाग्नेछ।

२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कर कट्टी भएको महिना पछिकोमहिनाको २५ गते भित्र महानगरपालिकाको राजस्व शाखा वा सम्बन्धित वडा कार्यालयमा दाखिला गर्नु पर्नेछ।

**२३. कर दाखिलाको निस्सा दिनुपर्ने :** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वाअन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

## परिच्छेद -८

## कर फिर्ता र समायोजन :

**२४. कर फिर्ता सम्बन्धी व्यवस्था :** (१)करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी दाखिला भए/गरेमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

२) उपदफा (१)बमोजिम बढी दाखिला भएको रकम फिर्ताको लागि निवेदन परेमा र व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नुपर्नेछ। सोहि आ.व. मा तिर्नुपर्ने भन्दा वढी बुझाएको रहेछ भने सोहि आ.व. भित्रमा रकम फिर्ताका लागि माग गरेमा मात्र रकम फिर्ता गरिनेछ अन्यथा रकम फिर्ता गरिने छैन ।

**२५. कर समायोजन सम्बन्धी व्यवस्था :**(१) करदाताले दफा २४ बमोजिम फिर्ता पाउने ठहरीएको रकम उपदफा २(१) वमोजिम निवेदन परेकोमा व्यहोरा सा[illegible] देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम रकम फिर्ता तथासमायोजन गर्नेछ ।

## परिच्छेद - ९

## कर परिक्षण र कर निर्धारण:

**२६. कर परिक्षण र कर निर्धारण:** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछ:

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा ।
(ख) गलत वा झुट्टा कागजात विवरण संलग्न गरेको देखिएमा ।
(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा ।
(घ) कारोवारका आधारमा करको दायित्व कम देखाएकोमा ।
(ङ) करको दर फरक पारेकोमा ।
(च) कानून वमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न ३० (तीस) दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले तिन वर्ष भित्र कर अधिकृतले पुन: कर निर्धारण वा संशोधित कर निर्धारण गर्नु पर्ने संतोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ ।

**२७. कर निर्धारणको सूचना :** (१) यस ऐन बमोजिम कर अधिकृतवाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सिमा र बैक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) यस ऐन वमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सिमा भित्र दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर महानगरपालिकाको राजस्व शाखा वा वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद - १०

## कर संकलन सम्बन्धी व्यवस्था

२८. **कर संकलन सम्बन्धी व्यवस्था:** (१) यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकिय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका बमोजिम कर असूल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोबार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दाबी वा कब्जा गरेर ।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिएबमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही सकि भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप ५ (पाँच) प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भएको रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

२९. **किस्ताबन्दीमा कर असूली:** कुनै खास करदातालाई बिशेष परिस्थितिको समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण संतोषजनक देखिएमा विवरण तयार गरी बढीमा एक वर्ष भित्र ३ (तीन) किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने ब्याज तथा हर्जानामिनाहा हुनेछैन ।

## परिच्छेद — ११

## जरिवाना शुल्क र जरिवाना

**३०. जरिवाना लाग्ने :**यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको दश (१०) प्रतिशत जरिवाना गर्न सक्नेछ ।

**३१. ब्याज लाग्ने :** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश (१०) प्रतिशत व्याज लाग्नेछ।ठेक्का बन्दोबस्त भएको हकमा सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

**३२. अभिलेख नराखेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु. १०००।– शुल्क लाग्नेछ।

**३३. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने:** यस ऐन वमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु. १०००।– शुल्क लाग्नेछ।

**३४. झुट्टा विवरण दिएमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सो को दश (१०) प्रतिशत शुल्क लाग्नेछ।

**३५. व्याज नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज र जरिवानामा पुनः व्याज लाग्ने छैन।

## परिच्छेद — १२

## पूर्वादेश र प्रशासकीय पुनरावलोकन :

**३६. पुर्वादेश माग गर्न सक्ने :** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सो को निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पुर्वादेश उपलब्ध गराउनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ।

**३७. प्रशासकीय पुनरावलोकन हुन सक्ने** : यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ।

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय।

**३८. प्रशासकीय पुनरावलोकनको प्रकृया** : (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ।

## परिच्छेद — १३

## पुनरावेदन :

**३९. उजुरी नलाग्ने** : यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा उजुर लाग्ने छैन।

**४०. पुनरावेदन दिन सक्ने** : (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त असन्तुष्ट पक्षले ६० दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद — १४

## गैरकर राजश्व :

**४१. सेवा शुल्क तथा दस्तुरः** महानगरपालिकाले संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र विषयमा आफूले पुर्याएको सेवा बापत महानगरको आर्थिक ऐन अनुसार सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

**४२. पर्यटन शुल्कः** (१) महानगरपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ। पर्यटकीय क्षेत्रमा उपलव्ध गराएको सेवाको लागत संचालन र संभार खर्चलाई आधार मानि पर्यटन शुल्क लगाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि महानगरपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन।

**४३. पार्किङ्ग शुल्कः** महानगरपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको स्थानमा सवारी साधनमा पार्किंग वापत सवारी साधन पार्किंग शुल्क लगाई उठाउन सक्नेछ।

४४. **बहाल विटौरी शुल्क:**: महानगरपालिकाले सार्वजनिक, महानगरको स्वामीत्वकोसम्पति, ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनी स्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहालविटौरी शुल्क लगाई उठाउन सक्नेछ।

४५. **जडीबुटी, कवाडी र जीवजन्तु शुल्क** महानगरपालिकाले जडीबुटी, कवाडी र जीवजन्तुको कारोवारमा शुल्क लगाई उठाउन सक्नेछ।

४६. **डुंगा परिवहन (बोट सेवा) शुल्क:** महानगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालन भएका डुंगा परिवहन (बोट सेवा) मा शुल्क लगाई उठाउन सक्नेछ।

४७. **अन्य शुल्क लगाउन सक्ने**: (१) महानगरपालिकाले अनुसूची २ मा उल्लिखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ। शुल्क सम्बन्धि दर आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) महानगरपालिकाले संविधान र अन्तर सरकारीवित्त व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफुले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयां क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले ७ कार्य दिनभित्र नगरसभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ।

४८. **छुट वा मिनाहा:**(१) महानगरपालिकाले महामारी, विपततथा खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको कर राजस्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा महानगरपालिकाले तत् तत् सरकारसंग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउनेछ।

(३) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा अनुमोदनका लागि पेश गर्नु पर्नेछ।

## परिच्छेद — १५

## समन्वय सम्बन्धी व्यवस्था

४९. **नेपाल सरकारसंग समन्वय:** (१) महानगरपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन महानगरपालिका वा महानगरपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग कर असुलीका लागि समन्वय गर्न सक्नेछ।

(३) महानगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसंग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकार संग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वियन गर्नु पर्नेछ।

५०. **प्रदेश सरकारसंग समन्वय** : (१) महानगरपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन कर अधिकृतले प्रदेश सरकारसँग समन्वय गर्नुपर्नेछ ।

(३) महानगरपालिकाले संबिधानको साझा सूचिमा रहेका बिषयसंग सम्बन्धित कर वा गैर कर राजश्वका आधार वा कर प्रशासनका संम्बन्धमा प्रदेश सरकारसंग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यबस्था अर्न्तगत समन्वय गरिएका बिषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोहि अनुसार र्कायान्वयन गर्नु पर्नेछ ।

**५१. केन्द्रीय बैकसँग समन्वय**:महानगरपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक (वाणिज्य बैंक) संग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५२. अन्य निकाय कार्यालय र संस्थासंग समन्वय** : महानगरपालिकाको करअधिकृतले कर तथा गैरकर राजश्वसंग सम्बन्धित बिषयमा नेपाल सरकार र प्रदेश सरकार अर्न्तगतका सरकारी निकाय, बैंक वा सस्थासंग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद १६

## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

**५३. राजश्व सम्बन्धी नयाँ प्रस्ताव:** महानगरपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ प्रस्ताव तयार गर्दा सरोकारवालासँगको राय सल्लाह र परामर्शमा गर्न सक्नेछ।

**५४. सूचना सार्वजनिक गर्नु पर्ने** : (१) यस कानून बमोजिम महानगरपालिकाले लगाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमूखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) महानगरपालिकाले उपदफा(१) बमोजिमका कर राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई महानगरपालिकाको वेभसाइट मार्फत सार्वजनिकीकरण गर्नुपर्नेछ ।

(३) महानगरपालिकाले कर र राजश्वका दर सम्बन्धि विवरण केन्द्रीय सूचना प्रणालिमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थमन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालय तथा प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद १७

## विविध

**५५. बिद्युतिय माध्यमको प्रयोग गर्न सक्ने:** यस ऐनमा अन्यत्र जूनसुकै कुरा लेखिएको भएतापनि महानगरपालिकाले विद्युतिय माध्यम (अनलाइन) बाट करदातालाइ सूचना दिने, करदाताले आफनो विवरण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सक्नेछ ।

**५६. अनुसूचीमा हेरफेर** : नगर कार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

**५७. कागजातको ढाँचा:** (१) यो ऐन र यस ऐन अर्न्तगत बनेका कार्यविधि तथा निर्देशिकामा उल्लेख नभएको वा नतोकीएको कुनै विवरण, ढाचा,तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा महानगरपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) यस ऐन बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको सुचना पाटी, वेभसाइट र स्थानिय पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिने छ।

**५८. सूचना तामेलि रित पुगेको मानिने:** (१) यस ऐन बमोजिम दिनुपर्ने म्याद सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धीत व्यक्तिलाइ बुझाएको वा दिएको मानिनेछ :

(क) सम्बन्धीत व्यक्तिलाइ नै बुझाएको पत्र ।

(ख) निजको एकासगोलको परीवारको उमेर पुगेको सदस्यलाइ बुझाएको ।

(ग) निजको कानुन व्यवसायी वा लेखापाललाइ बुझाएको ।

(घ) नावालिकको हकमा संरक्षक वा माथवर व्यक्तिलाइ बुझाएको ।

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको ।

(च) कर दाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको, इमेल तथा वेवसाइट मार्फत सुचना प्रवाह गरेको ।

**५९. कागजातको अभिलेख राख्ने** : (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नुपर्नेछ:

(क) यस ऐन बमोजिम महानगरपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याइ गर्ने सूचना तथा कागजात

(ख) कर निर्धारण गर्न सघाउ पुर्याउने कागजातहरु ।

(ग) खर्च कट्टी गर्नुपर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) महानगरपालिका नगर कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धीत आर्थिक बर्ष समाप्त भएको मितिले कम्तिमा ४ बर्षको अवधि सम्म सुरक्षित राख्नु पर्नेछ ।

**६०. अदालतलाई भए सरहको अधिकार हुने** : यस ऐनको प्रयोजनको लागि नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाइ सम्बन्धित व्यक्तिलाइ झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखितहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

**६१. आदेश वा निर्देशनको पालना सम्बन्धमा :** संघीय र प्रदेश सरकारले कर प्रशासनला प्रभाबकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाइ कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ ।यस्तो आदेश वा निर्देशन पालना गर्नु नगर कार्यपालिकाको कर्तव्य हुनेछ।

**६२. कर अधिकृतको परिचय पत्र** :राजश्व महाशाखा वा शाखामा काम गर्ने कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने,काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धीत व्यत्तिलाई देखाउनु पर्नेछ ।

**६३. विभागीय कारवाही र सजाय हुने :** (१) कर अधिकृत वा कर प्रशासनस सम्बन्धीत कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाइ हानि नोक्सानी पुर्याउने, करको दायित्व घटी बढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाइ अनुचित फायदा पूर्याउने वा करदाता बाट आफ्नो वा कसैको निजि स्वार्थ पुर्ति गर्ने उदे्श्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धीत व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्षउजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी सम्बन्धीत कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाइ कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कार्वाही गर्ने र कार्वाही गर्ने अधिकार नभएको विषयमा विभागिय कार्वाहिको लागि अधिकारप्राप्त अधिकारी समक्ष राय साथ पेश गर्नेछ ।

(३) उपदफा(२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन कार्वाही गर्दा प्रमाण नष्ट हून सक्ने भएमा प्रमुख प्रशासकिय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाइ सम्बन्धीत सेवासम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधी भर सम्बन्धित कर्मचारीलाई जिम्मेवारीबाट अलग राखिनेछ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र सम्बन्धित कर्मचारीलाई जिम्मेवारीबाट अलग राख्ने अवधि १ महिना भन्दा बढी हुने छैन ।

**६४. पुरष्कृत गर्न सक्ने:** (१) महानगरपालिकाले यथार्थपरक विश्वासनीय रुपमा तथा कानुनले तोकेको म्याद भित्र कर विवरण बुझाउने,लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीनजना करदातालाइ प्रत्येक बर्ष पुरष्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) राजस्व वृद्धि गर्न उल्लेखनिय कार्य गरेमा नगर कार्यपालिकाले पुरष्कृत गर्न सक्नेछ ।

(३) उपदफा (१,२) बमोजिम दिइने पुरष्कार सम्बन्धी अन्य व्यबस्था महानगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**६५. म्याद, हद म्याद नजाने :** यस ऐनमा अन्यत्र जूनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हद म्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरीनेछ :

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि ।

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तीम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

**६६. निर्देशिका वा दिग्दर्शन (म्यानुवल) बनाउने अधिकार :** यस ऐन बमोजिमको काम प्रभावकारीरुपमा गर्न नगर कार्यपालिकाले आवश्यक निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ ।

# अनुसूचीहरु

## अनुसूची १
### दफा ९ उपदफा (४) को (घ) संग सम्बन्धित
### ह्रासकट्टी गर्ने तरीका

यस ऐन बमोजिम सम्पतिको ह्रासकट्टी गर्ने तरीका समान कट्टी तरीका (युनिफर्म चार्ज मेथड)को फिक्सड इन्सटलमेन्ट मेथड अनुसार हुनेछ ।यसको गणना देहाय बमोजिम गर्नु पर्नेछ ।

सुत्र:

$$\text{ह्रासकट्टी रकम} = \frac{\text{सम्पत्तिको प्रारम्भीक मूल्य–अनुमानित शेष मुल्य}}{\text{सम्पत्तिको आयु (बर्ष)}}$$

उदाहरण कुनै सम्पतिको मूल्य शूरुमा रु.१००००००।०० छ । यसको आयु २० बर्ष छ । २० बर्ष पछि यो सम्पति बिकी गर्दा रु.२०००००।०० आउछ भने यसको प्रति बर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ ।

$$\text{ह्रासकट्टी रकम} = \frac{१०००००० - २०००००}{२०}$$

$$= \frac{८०००००}{२०}$$

$$= ४००००।-$$

प्रति बर्ष रु ४००००।- ह्रासकट्टी खर्च घटाउन पाइनेछ ।

**अनुसूची २**

**(दफा ४७ को उपदफा (१) संग सम्बन्धित**

**स्थानीय सरकारले शुल्क लगाइ उठाउन सक्ने विषय क्षेत्र**

१. खानेपानी, धारा,पोखरी र घाट
२. विजुली
३. टेलिफोन
४. वातावरण, फोहोरमैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन
५. सार्वजनिक शौचालय,स्नानगृह
६. सार्वजनिक पार्क
७. हाटबजार
८. पशु बधशाला
९. अतिथि गृह र छात्रवास
१०. अचल सम्पति र मूल्यांकन शुल्क
११. मर्मत सुधार (आफूले निर्माण गरेका यस अनुसूचीमा उल्लेखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्वन्धी
१२. सडक पुर्वाधार शुल्क ।

**आज्ञाले**
**राजेन्द्र पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**